नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा शाखा)

सिंहदरबार काठमाडौं

फोनः०१-४२००३३१
४२००३३२
www.mofaga.gov.np
सिंहदरबार, काठमाण्डौ।

प.सं.: ०७७/७८ (सा.स.सा.सु.)
च.नं.: १८

मिति २०७७।०५।२२

श्री स्थानीय तह, सबै।

विषयः प्रगति विवरण सम्बन्धमा ।

प्रस्तुत विषयमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको च.नं. २८ मिति २०७७।०५।१८ को पत्रको छायाँप्रति यसैसाथ संलग्न छ । सो सम्बन्धमा उक्त पत्रबाट अनुरोध गरिएका विषयमा भएको प्रगति विवरण महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको ईमेल ठेगानाः gbvps.mowcsw@gmail.com मा पठाई दिनुहुन आदेशानुसार अनुरोध छ ।

२०७७।०५।२२

..........................
ताराप्रसाद जोशी
शाखा अधिकृत

बोधार्थः

श्री महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, सिंहदरबार ।
श्री सुचना तथा प्रविधि शाखाः Websiteमा Uploadगरिदिनुहुन ।

नेपाल सरकार

# महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

## (लैङ्गिक हिंसा निवारण शाखा)

सिंहदरबार, काठमाण्डौं
फोन नं. :४२००५०२
फ्याक्स : ४२००११६
email:gbvps.mowcsw@gmail.com
अडियो नं:१६१८०१४२०००८२

पत्र संख्या :- ०७७\०७८(लै.हि.नि.)
च.नं. :- 28

मिति : २०७७/०५/१८

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

**विषय : सहयोग/ समन्वय सम्बन्धमा ।**

उपर्युक्त सम्बन्धमा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७६ ज्येठ ६ गतेको निर्णयानुसार अघिल्लो आ. व. २०७६/०७७ लाई लैगिक हिँसा विरूद्धको अभियान वर्ष घोषणा गरी नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म लैगिक हिँसा विरुद्धको १६ दिने अभियान संघ, प्रदेश र स्थानीय तहमा साझा अभियानको रुपमा मनाउने भनिए अनुसार लैगिक हिँसा विरुद्धको अभियान वर्ष, २०७६ वार्षिक कार्यान्वयन कार्ययोजना तयार पारी मिति २०७६ फागुन महिनाको २ गते सबै स्थानीय तह र प्रदेशमा उपलब्ध गराईएको थियो । उक्त कार्यान्वयन कार्ययोजनाको कार्यान्वयन अवधि आ.व. २०७६/०७७ तोकिएको हुदा यसको कार्यान्वयन गरिने अवधि समाप्त भएको । तर फागुन महिनाभर सबै स्थानीय तहसम्म कार्ययोजना पुस्तिका उपलब्ध गराउने समय लागेको र कोभिड १९ का कारण चैत १० देखि हालसम्म बन्दाबन्दी भएकोले कार्यान्वयन गर्न नपाउदै समयावधि सकिएको हुदा आ.व. २०७७/०७८ सम्म समयावधि थपिएको र उक्त कार्यान्वयन कार्ययोजनाको समीक्षा २ महिनाको एक पटक गरिने र अन्त्यमा वार्षिक समीक्षा गरिने प्रावधान बमोजिम सबै स्थानीय तहमा कार्ययोजनाको समयावधि थप भएकोले सोही अनुसार प्रगति उपलब्ध गराईदिने कार्यमा आवश्यक सहयोग/ समन्वयका लागि मिति २०७७/०५/१५ को मा.मन्त्रीस्तरीय निर्णयानुसार अनुरोध गरिन्छ ।

2077/05/18

रोशनीदेवी कार्की
उप सचिव